# नेपाल सरकार

## शान्ति तथा पुनर्निर्माण मन्त्रालय

## सिहदरबार, काठमाण्डौ

च.नं. नेपाल ।

प. सं. २०६७।०६८ अनुगमन ।

(अनुगमन तथा मूल्याङ्कन शाखा )

**मिति २०६७।८।७**

**विषय :-** प्रथम चौमासिक प्रगति विवरण पठाएको ।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय

शासकीय सुधार महाशाखा , सिंहदरबार काठमाण्डौं ।

उपरोक्त विषयमा तहाँबाट नियमित रुपमा माग भएको यस मन्त्रालय र अन्तरगतको आ.व.२०६७।०६८ को प्रथम चौमासिक अवधिको प्रगति निम्नानुसार भएको व्यहोरा निर्देशानुसार सादर अनुरोध गर्दछु ।

**निम्न**

**(क) द्वण्द्व ब्यबस्थापन महाशाखातर्फ**

१. हलियाको तथ्याङ्क प्रशोधनको काम सम्पन्न भईसकेको ।

२. अनमिनको प्रमाणिकरणमा योग्य नदेखिएका लडाकुहरुको बर्हिगमन प्रक्रियाको वृत्तचित्र निर्माण कार्य सम्पन्न भएको ।

३. बादी समुदायका ब्यक्तिहरुको पहिचानका लागि परिचयपत्र छपाई गर्ने काम सम्पन्न भएको ।

**(ख) शाान्ति संयन्त्र समन्वय महाशाखातर्फ**

१. काभ्रेपलाञ्चोक, नुवाकोट, सिन्धुपाल्चोक र सिन्धुली गरी थप चारवटा जिल्लामा स्थानीय शान्ति समितिको गठन गरी कुल जिल्लास्तरका शान्ति समितिको संख्या ७१ र गा.बि.स. तथा न.पा.स्तरका शान्ति समितिको संख्या ५९८ पुर्‍याईएको ।

२. यस मन्त्रालयका उपसचिव एवं अधिकृतहरु तथा काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्लाका स्थानीय शान्ति समितिका ३।३ जना पदधिकारीहरु समेत गरी कुल २४ (चौबिस) जनालाई "CONFLICT RESOLUTION AND MEDIATION" बिषयको ७ दिने TOT तालिम दिने काम सम्पन्न भएको ।

३. सेप्टेम्बर २१, २०१० का दिन केन्द्रमा र ७५ वटै जिल्लामा शान्ति दिवस मनाउने काम सम्पन्न भएको ।

**(ग) प्रशासन, योजना तथा अनुगमन महाशाखा तर्फ**

१. पहिलो चरणमा यस मन्त्रालयका ११ जना सहसचिव देखि शाखा अधिकृत सम्मका अधिकृतहरुलाई थाईलेण्ड र ईण्डोनेसियामा पठाई नेतृत्व बिकास सम्बन्धी १५ दिने तालिम दिलाउने काम सम्पन्न भएको ।

२. दोश्रो चरणमा यस मन्त्रालयका सचिव सहितका १० जना अधिकृतहरुलाई थाईलेण्ड र ईण्डोनेसियामा पठाई नेतृत्व बिकास सम्बन्धी १५ दिने तालिम दिलाउने काम सम्पन्न भएको ।

३. त्रिबर्षीय अन्तरिम योजना २०६७–२०७० को अबधारणापत्र तयार गरी राष्ट्रिय योजना आयोगमा प्रस्तुत गर्ने काम सम्पन्न गरिएको ।

४. गत बर्ष सम्म क्रमागत तथा नयाँ आयोजनाका रुपमा संचालनमा रहेका कुल १३५७ वटा पुनर्निर्माणका आयोजनाहरु, राहत बितरण समेतका मन्त्रालय मातहत संचालित अन्य सबै आयोजना वा कार्यक्रमहरुको समग्र अनुगमन गर्न खटिएका १० वटा अनुगमन टोलीको रिपोर्टको बिषयमा समीक्षा गर्न र आगामी दिनमा आयोजना तथा कार्यक्रमलाई गुणस्तरीय रुपमा संचालन गर्न लिनुपर्ने कदमका बिषयमा छलफल गर्न माननीय मन्त्रीज्यूको अध्यक्षतामा डोलिडार,भवन निर्माण तथा शहरी बिकास बिभाग, अर्थ मन्त्रालय लगायतका सरोकारवाला निकायका प्रतिनिधिको सहभागितामा अनुगमन समितिको बैठक सम्पन्न गरिएको ।

**(घ) कानून ,सूचना तथा सञ्चार महाशाखातर्फ**

१. संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्को प्रस्ताव नंवर १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजनाको मस्यौदा तयार गरी बिभिन्न सरोकारवाला मन्त्रालय तथा निकायहरुमा राय प्रतिक्रियाको लागि पठाउने काम सम्पन्न भएको ।

२. सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनःस्थापन एवं पुनःएकीकरण सम्बन्धी राष्ट्रिय कार्ययोजना तयार गरी स्वीकृतिका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष मिति २०६७।७।३० मा प्रस्ताब पेश गरिएको ।

**(ङ) राहत तथा पुर्नस्थापन महाशाखातर्फ**

१. मुख्यतया द्वन्द्व प्रभावितहरुको तथ्याङ्कलाई सर्बसुलभ बनाउन र मन्त्रालयको दैनिक कामकाजलाई पेपरलेस बनाउन ब्यबस्थापन सूचना प्रणाली (MIS) लागू गर्ने सम्बनधमा तेश्रोपक्षसंग सम्झौता गरी उक्त प्रणाली स्थापनाको काम गर्न रु. ६ लाख १५ हजार पेश्की दिई काम चालू रहेको ।

२. द्वण्द्वमा मृत्यू भएका सर्बसाधारणका विधवा पत्नीहरु जम्मा ११४९ जनालाई जीवन निर्वाहका लागि आर्थिक सहायता प्रदान गर्न जिल्ला बिकास समिति मार्फत रु. २ करोड ८७ लाख २५ हजार रकम निकासा पठाएको ।

३. द्वण्द्वमा मृत्यू भएका ब्यक्तिका परिवारले पाउने रु. १ लाख आर्थिक सहायता बितरण प्रक्रियाको निरीक्षणका लागि बिश्व बैंक र आयोजनाको संयुक्त अनुगमन टोली बनाई ५ वटा जिल्लाको अनुगमन गर्ने कार्य सम्पन्न गरिएको ।

**(च) शान्तिकोष सचिवालयतर्फ**

१. नेपाल सरकार र शान्ति कोषका डोनर एड्भाईजरी ग्रुपको बैठक सम्पन्न गरिएको ।

२. शान्तिकोषको बोर्ड बैठक सन २०१० को अक्टुबर ७ तरिकका दिन (२०६७।६।२१मा ) सम्पन्न गरिएको ।

३. नेपाल सरकार र फिनल्याण्ड, जर्मनी,नर्वे, डेनमार्क, बेलायत, यूरोपेली संघ र स्वीजरल्याण्डका बीच मिति २०६७।८।७ गतेका दिन Joint finance arrangement (JFA) मा हस्ताक्षर गर्ने काम सम्पन्न गरिएको ।

४. एनेकपा माओबादी सेनाका लडाकूहरु रहेका शिबिरमा स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य मन्त्रालयलाई रकम निकासा दिएको ।

**(छ) पूर्वाधार पुनर्निमाण महाशाखा (द्वण्द्वोत्तर पुनर्निर्माण आयोजना) तर्फ**

१. यस चौमासिक अवधिमा परियोजनाले जि.बि.स. मार्फत संचालित ११ वटा पुनर्निर्माण आयोजनाहरुको लागि रु. ४५ लाख ४७ हजार रकम निकासाको लागि अख्तियारी पठाउने काम सम्पन्न भएको ।

२. यस चौमासिक अवधिमा परियोजनाले डोलिडार मार्फत संचालित ५२४ वटा पुनर्निर्माण आयोजनाहरुको लागि रु. ३१ करोड ३७ लाख ६६ हजार रकम निकासाको लागि अख्तियारी पठाउने काम सम्पन्न भएको ।

३. यस चौमासिक अवधिमा परियोजनाले भवन निर्माण तथा शहरी बिकास बिभाग मार्फत संचालित १३४ वटा पुनर्निर्माण आयोजनाहरुको लागि रु. ३१ करोड ३७ लाख ६६ हजार रकम निकासाको लागि अख्तियारी पठाउने काम सम्पन्न भएको ।

४. परियोजनाले आफैं रेखदेख गर्ने गरी राष्ट्रिय शहिद पार्क गोकर्ण , १३ वटा नमूनाबस्ती, चारवटा क्षेत्रीय शहिद पार्कहरु र जुम्ला सदरमुकामको पुनर्निर्माणको काम चालु गरेको ।

**(ज) राहत तथा पुर्नस्थापन इकाईतर्फ**

१. नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यबिधि , २०६६ ले ब्यबस्था गरे अनुसार राहत तथा क्षतिपूर्ति बितरण कार्यलाई प्रभावकारी बनाउन शान्ति तथा पुनर्निर्माण मन्त्रालय र अन्य सबै सरोकारवाला मन्त्रालय एवं बिभागका प्रतिनिधिहरु सदस्य रहेको कोअर्डिनेशन कमिटिको बैठक सम्पन्न गरिएको ।

२. नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यबिधि २०६६ ले ब्यबस्था गरे अनुसार राहत तथा आर्थिक सहायता बितरण गर्न ७५ वटै जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित शिफरिश समितिमा अब उप्रान्त स्थानीय शान्ति समितिको संयोजक वा निजले तोकेको सोही समितिको सदस्य एकजना र समितिले तोकेको समितिकै अर्को एकजना महिला सदस्य समेत थप गर्ने गरी निर्देशिका संशोधन गर्ने काम सम्पन्न गरिएको ।

३. नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यबिधि २०६६ को दफा (७) ले नागरिकलाई राहत तथा आर्थिक सहायता बितरण गर्ने म्याद २०६७ साल आषाढ मसान्त सम्म मात्र तोकेकोमा सो म्याद यस अघि नै समाप्त भईसकेको तर राहत बितरणको काम बाँकि रहेकोले सो म्याद २०६८ साल आषाढ मसान्त सम्म बढाउने गरी निर्देशिकाको प्रस्तुत दफा संशोधन गर्न अर्थ मन्त्रालयमा अनुरोध गर्ने काम सम्पन्न गरिसकिएको छ ।

४. राहात बितरण सम्बन्धी बिबरण यस प्रकार छ ।

| सिन | कार्यक्रम | प्रथम चौमासिक प्रगति |
|---|---|---|
| १. | **राहत तथा पुनःस्थापन कार्यक्रम** | नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०६६ को दफा |

| | | |
|---|---|---|
| | क) व्यक्तिगत सम्पत्ति क्षतिको आर्थिक सहायता । | ७.१ मा अर्थ मन्त्रालयबाट मिति संशोधनमा सहमति प्राप्त भई नआएकोले काम गर्न नसकिएको । |
| २. | **आर्थिक सहायता** | नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०६६ को दफा ७.१ मा अर्थ मन्त्रालयबाट मिति संशोधनमा सहमति प्राप्त भई नआएकोले काम गर्न नसकिएको । |
| | (क) वेपत्ता पारिएका व्यक्तिका परिवारलाई आर्थिक सहायता | |
| | (ख) द्वन्द्वका क्रममा अपाङ्गता भएकाहरुलाई आर्थिक सहायता । | नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०६६ को दफा ७.१ मा अर्थ मन्त्रालयबाट मिति संशोधनमा सहमति प्राप्त भई नआएकोले काम गर्न नसकिएको । |
| ३. | ऐतिहासिक जनआन्दोलनका शहिद, घाइते, सन्तती परिवारलाई जीवन निर्वाह भत्ता तथा छात्रवृत्ति | |
| | (क) ऐतिहासिक जनआन्दोलनका शहीद परिवारलाई जीवन निर्वाह भत्ता । | विभिन्न जिल्लाका २६ जना ऐतिहासिक जनआन्दोलनका शहिद परिवारलाई रु.१९,६४,४००।- राहत रकम वितरण । |
| | (ख) ऐतिहासिक जनआन्दोलनका घाइतेहरुलाई जीवन निर्वाह भत्ता । | विभिन्न जिल्लाका २३ जना जनआन्दोलनका घाइतेहरुलाई रु.९,९८,४००।- राहत रकम वितरण । |
| | (ग) ऐतिहासिक जनआन्दोलनका घाइतेका सन्ततिलाई छात्रवृत्ति । | विभिन्न जिल्लाका २६ जना ऐतिहासिक जनआन्दोलनका घाइतेका सन्ततिलाई छात्रवृत्ति रकम रु.४,२१,०००।- वितरण । |
| ४. | (क) अनुगमन कार्यक्रम (माथि उल्लिखित १,२,३ का कार्यक्रमहरु अनुगमनको लागि ।) | विभिन्न २४ जिल्लाहरुमा राहत सम्बन्धी कार्यक्रमको अनुगमन मूल्याङ्कन भई प्रतिवेदन समेत प्राप्त भएको उक्त सिलसिलामा अनुगमन कार्यक्रममा रु.२,००,०००।- रकम खर्च भएको । |
| ५. | विविध | १. शान्ति तथा पुनर्निर्माण मन्त्रालय र **ICTJ** को संयुक्त आयोजनामा २ दिने **The Challenges and Successes of the Interim Relief Scheme and The future Reparations Policy In Nepal** विषयक (२०६७०७२९ र ३० गते) कार्यशाला गोष्ठी सम्पन्न भएको र उक्त गोष्ठीमा ३५ जनाको सहभागिता रहेको ।<br>२. विस्तृत शान्ति सम्झौता पश्चात घटनामा परी मृत्यु भएका ४ जना व्यक्तिका हकदारलाई कार्यविधि,२०६६ अनुसार परीक्षण समितिमा निर्णय भई राहत रकम निकासाका निमित्त अर्थ मन्त्रालयमा लेखी गएको । |

**(झ) शिबिर ब्यबस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालयतर्फ**

१. यस चौमासिक अवधिमा लडाकूहरुलाई मासिक भत्तातर्फ रु. २९ करोड १६ लाख ८० हजार र भरणपोषण खर्चतर्फ रु. १७ करोड ७५ लाख ६६ हजार ९०२ उपलब्ध गराएको ।

(ञ) **द्वण्द प्रभाबित ब्यक्ति, परिवार, संरचनाको कार्यदल तर्फ**

१. कार्यदलबाट **द्वण्द प्रभाबित ब्यक्ति, परिवार, संरचनाको** लगत संकलन को काम तदारुकताका साथ भै रहेको ।

(प्रेमप्रसाद सञ्जेल)

उपसचिव

अनुगमन तथा मूल्याङ्कन शाखा

बोधार्थ तथा कार्यार्थ

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय,आर्थिक विकास महाशाखा सिंहदरबार ,काठमाण्डौं ।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय,शान्ति समन्वय महाशाखा सिंहदरबार ,काठमाण्डौं ।

श्री राष्ट्रिय योजना आयोग, गरिबी अनुगमन महाशाखा, सिंहदरबार काठमाण्डौ ।

श्री राष्ट्रिय योजना आयोग, अनुगमन तथा मूल्यांकन महाशाखा, सिंहदरबार काठमाण्डौ ।

श्री अर्थ मन्त्रालय , अनुगमन तथा मूल्यांकन महाशाखा, सिंहदरबार काठमाण्डौ ।

श्री स्थानीय पूर्वाधार विकास तथा कृषिसडक विभाग **(DOLIDAR)**,जावलाखेल ललितपुर ।

श्री शहरी विकास तथा भवन निर्माण विभाग, ववरमहल काठमाण्डौ

श्री शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालय, सिंहदरवार, काठमाण्डौ

श्री द्वन्द व्यवस्थापन महाशाखा,

श्री प्रशासन, योजना तथा बैदेशिक सहयोग समन्वय महाशाखा,

श्री पूर्वाधार पुनर्निर्माण महाशाखा

श्री राहत तथा पुनस्थापन महाशाखा,

श्री कानून तथा सञ्चार महाशाखा,

श्री शान्ति संयन्त्र समन्वय महाशाखा,

श्री शान्ति कोष सचिवालय,

नेपाल औषधी लिमिटेड भवन बबरमहल, काठमाण्डौ ।

श्री राहत तथा पुनर्स्थापन ईकाई बबरमहल काठमाण्डौ ।

श्री द्वन्द प्रभाबित ब्यक्ति,परिवार तथा संरचनाको लगत संकलन कार्यदल ,बबरमहल काठमाण्डौ ।